नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(........................................)

फोन नं. ४४११०७४, ४४११५३७, ४४११९६८, ४४१९५०१, ४४४५७७५, ४४३४११९, ४४३९३६२
फ्याक्स ४४४३९०३
पोष्ट बक्स नं. २५०७
सानोगौचरण
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७६/७७
च.नं: ६८२

मितिः २०७६/०५/१७

विषयः- संरचना परिवर्तनको पूर्व सहमति लिनुपर्ने बारे।

श्री कम्पनी रजिस्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं, नेपाल।

O/C

उपर्युक्त सम्बन्धमा, यस विभागबाट जलविद्युत कम्पनीहरुका नाममा जारी हुने विद्युत सर्वेक्षण/उत्पादन अनुमतिपत्रको शर्तमा कम्पनीहरुले विभागको पूर्व जानकारी/स्वीकृति लिएर मात्र संस्थाको स्वामित्वको संरचनामा परिवर्तन गर्न पाउने प्रावधान रहेको तर प्रवर्द्धकले सो कार्य तहाँबाट गर्नु/गराउनुपूर्व यस विभागको पूर्व सहमति लिने गरेको नदेखिएकाले प्रवर्द्धकलाई विद्युत ऐन, २०४९को दफा ३८(२)बमोजिम रु ५ लाख जरिवाना हुने कारवाही बढी मात्रामा हुन गइरहेको छ। अतः आगामी दिनमा जलविद्युतका क्षेत्रमा कार्य गर्ने कम्पनीहरुका हकमा स्वामित्वको संरचना परिवर्तन गर्नुपूर्व यस विभागको सहमतिपत्र छ छैन हेरी संस्थाको स्वामित्वको संरचना परिवर्तन गर्ने व्यवस्था गरिदिनुहुन मिति २०७६/०५/१७ को विभागीय निर्णयानुसार अनुरोध छ।

(प्रवीण आचार्य)
इन्जिनियर

सादर अवगतार्थः
श्रीमान् सचिवज्यू, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय।